

# जागरण नेपाल इ-बुलेटिन

महिला अधिकार, शान्ति र सुशासनका लागि जागरण नेपाल

१२५औं अङ्क

# सरकारका नीति तथा कार्यक्रम (आर्थिक वर्ष २०७५ र ०७६) र महिलाका सवालहरु

## विषय प्रवेश

नेपालको संविधान जारी भएपछि पहिलोपटक संघीय सरकारले आफ्नो नीति तथा कार्यक्रमहरु तयगरी प्रस्तुत गरेको छ । संविधान कार्यान्वयनका क्रममा सम्पन्न भएको निर्वाचन प्रक्रियाद्वारा निर्वाचित भई राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासन साथै समृद्ध नेपाल निर्माण गर्ने लक्ष्य सहित पहिलो पटक सार्वजानिक गरिएको अवधारणमा सरकारले पाँच वर्षभित्र मुलुकको आर्थिक वृद्धिदर दोहोरो अंक पुर्याउने लक्ष्य सहित चालु आर्थिक वर्ष ०७५/०७६ को नीति तथा कार्यक्रममा आर्थिक वृद्धिदर लक्ष्य ६.९ प्रतिशत छ । अब सरकारले पाँच वर्षमा यो आर्थिक वृद्धिदरको दोहोरो अंकमा पुर्याउने लक्ष्य राखेको छ ।

## सरकारका नीति तथा कार्यक्रम के हो ?

सरकारले एक वर्ष भित्र प्राथमिकताका साथ लागु गर्ने नीति र संचालन गर्ने प्रमुख कार्यक्रमहरुलाई सरकारको नीति तथा कार्यक्रमको रुपमा बिधायिका संसदमा स्वीकृतिका लागि पेश गर्ने गर्दछ । जनताका प्रतिनिधिहरुको बहुमतले पारित भएपछि यो सरकारी नीति र कार्यक्रमको रुपमा आउछ र यसै अनुरुप बजेटको तयारी गर्दछ । सरकारले आफ्ना नीति तथा कार्यक्रम संसद मार्फत सार्वजनिक गर्दछ र आम जनता समक्ष प्रतिवद्धता जाहेर गर्दछ । सरकारी नीति तथा कार्यक्रममा वर्षभरीमा गर्नुपर्ने महत्वपूर्ण प्राथमिकताका विषयहरुलाई समेटी तय गरिन्छन् ।

## कस्ता छन् सरकारका नीति तथा कार्यक्रम ?

आर्थिक वर्ष २०७५/०७६ को लागि हालैमात्र राष्ट्रपति विद्यादेवी भण्डारीद्वार १ सय ३ बुँदे सरकारी नीति तथा कार्यक्रम सार्वजनिक भई संसदवाट स्वीकृत समेत भइसकेको अवस्था छ । नीति तथा कार्यक्रम मार्फत सरकारले आगामी आर्थिक वर्ष समृद्धितर्फको प्रस्थान वर्ष हुने र आगामी पाँच वर्ष भित्र दोहोरो अंङ्को आर्थिक बृद्धि सहितको लक्ष्य राखेको छ । नेपालीलाई कम विकसितबाट मध्यमस्तरको आयमा पुर्याउने लक्ष्य राखिएको छ ।

## जागरण नेपालले यस अवधिमा सम्पन्न गरेका गतिविधिहरु

### महिला जनप्रतिनिधिहरुको नेतृत्व विकासका लागि मावन/महिला/दलित अधिकार विषयक तालिम सम्पन्न



*नेतृत्व विकास तालिमका सहभागीहरुः कैलाली*

जागरण नेपालको आयोजना तथा डिसिएको आर्थिक सहयोगमा कैलारी गाँउपालिका र गौरीगंगा नगरपालिका कैलाली र पञ्चदेवल नगरपालिका अछामका निर्वाचित महिला जनप्रतिनिधिहरुको सहभागितामा नेतृत्व विकासका लागि मानव/महिला/दलित अधिकार विषयक तीन दिने तालिम कार्यक्रम छुट्टाछुट्टै रुपमा जेठ २० देखी २२ सम्म धनगडी र २४ देखी २६ गते सम्म अछामको मंगलसेनामा सम्पन्न गरियो ।

कैलालीको कार्यक्रममा सफल नेपाल संस्थाका कार्यक्रम अधिकृत पुष्प विक्रम शाही मुख्य प्रशिक्षकको रुपमा रहेको उक्त तालिम कार्यक्रमको सहायक प्रशिक्षकका रुपमा स्थानीय संस्थाका विज्ञ तथा जागरण नेपालका व्यवस्थापक मीना विष्ट तथा इन्केका क्षेत्रीय संयोजक रहनु भएको थियो ।

अछाममा पुष्प विक्रम शाही मुख्य प्रशिक्षक र उत्पीडीत उत्थान तथा चेतना विकास मञ्च अछामका अध्यक्ष भिम जलानाद्वारा प्रशिक्षण गरिएको थियो । अतिथि प्रशिक्षकको रुपमा मंगलसेन नगरपालिकाका उपमेयर श्री सरिता उपाध्यज्यूले समेत सहजिकरण गर्नु भएको थियो ।




*नेतृत्व विकास तालिमका सहभागीहरुः अछाम*

तीन दिने नेतृत्व विकास विषयक तालिममा महिला जनप्रतिनिधिको नेतृत्व विकासका लागि महिला तथा दलितको लागि राज्यले प्रदान गर्ने विशेष अधिकारको आवश्यकता,

नीति तथा कार्यक्रमले विशेषगरी लोकतन्त्रको रक्षा सुदृढिकरण र सही प्रयोगमा सरकार अढिक रहि जनताको पूर्ण लोकतन्त्र, सुशासन, नजताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त, सभ्य र सुसंस्कृति एवम कर्तव्य प्रति दृढ समाजको निर्माणमा जोड दिएको छ । उत्पादनशील, रोजगारीमूलक र न्यायपूर्ण वितरण सहित दोहोरो आर्थिक वृद्धिको लक्ष्य निर्धारण गरेको छ । सबै क्षेत्रमा उत्पादन अत्यधिक बढाएर मुलुकलाई आत्मनिर्भर बनाउने लक्ष्य राखिएको छ । उत्पादन बढाएर प्रत्येक नेपालीको आय अतिकम विकसितबाट मध्यमस्तरसम्म पुर्याउनु नीति तथा कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ । आगामी १० वर्षको विकास यात्रालाई ऊर्जा दशकका रूपमा अघि बढाउँदै देशभर लोडसेडिङ अन्त्य गरी विद्युतमा आत्मनिर्भर हुनेतर्फ ठोस कदम चाल्ने योजना समेटिएको छ । खानेपानी तथा सरसफाइ सेवामा पहुँच नपुगेको जनसंख्यालाई राज्यका तीनै तहबाट सहअस्तित्व, समन्वय र सहकारिताको सिद्धान्तका आधारमा सञ्चालनमा ल्याई सबै नागरिकको खानेपानी तथा सरसफाइको पहुँच अभिवृद्धि गरिने, ज्येष्ठ नागरिक, दलित, लोपोन्मुख, विपन्न, सीमान्तकृत, लक्षित तथा जोखिममा रहेकाका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको पहुँच सुनिश्चित गरिने, ऊर्जा तथा जलस्रोत र अन्य पूर्वाधार विकासमा जोड दिँदै कृषि, वन र पर्यटन क्षेत्रको दिगो विकास गर्दै कुल गाहर्स्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान वृद्धि गरिने, निजी तथा सहुलियतपूर्ण वित्तीय स्रोतको व्यवस्था गर्ने, जलविद्युत् तथा अन्य नवीकरणीय ऊर्जाको उपलब्धता वृद्धिदर र लागत कटौती गर्ने, वैदेशिक लगानीको माध्यमबाट स्थानीय साधन तथा पुँजी र प्रविधिको उपयोगमा जोड दिने, आयात प्रतिस्थापन गर्ने वस्तु तथा सेवाको पहिचान, उत्पादन र वितरणमा जोड दिने योजना तय गरेको छ ।

सडक सञ्जालको विस्तारलाई मुख्य प्राथमिकतामा राख्दै पाँच वर्षभित्र स्थानीय तहका केन्द्रलाई कालोपत्रे सडकले राष्ट्रिय सञ्जालमा जोड्नुका साथै मुलुकका महत्वपूर्ण राष्ट्रिय राजमार्गहरु एक्सप्रेस हाइवेका रुपमा विकास गर्ने नीति लिएको छ । भौतिक पूर्वाधार, सहरी विकास, यातायायत, सूचना प्राविधि र पर्यटन विकासलाई मुलुकको आर्थिक विकासको संवाहकका रुपमा पहिलचान गरेको छ। सडक सञ्जाल विस्तारलाई मुख्य प्राथमिकतामा राखेको छ ।

भूकम्प पछिको पुनर्निर्माणलाई प्राथमिकतामा राख्दै क्षतिग्रस्त सबै निजी घर तथा सार्वजानिक सम्पदाहरुको पुनर्निर्माणलाई महत्व दिएको छ । पूर्वाधार विकासका ठूला परियोजनालाई विशेष प्राथमिकता सहित आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । युवा स्वरोजगार, राष्ट्रपति महिला उत्थान, आगामी ५

महिला तथा दलितको समस्या तथा सवालहरुलाई राज्यको प्रतिनिधिको हैसियतले जातिय तथा लैङ्गिक विभेदको अन्यको लागि समुदाय तथा वार्ड स्तरमा वकालत कसरी गर्ने भन्ने विषयमा प्रशिक्षण गरिएको थियो ।

सहभागि प्रशिक्षार्थीहरुले यस तालिमको माध्ययमवाट समुदाय तथा वडा तहको नेतृत्व लिन सक्ने आत्मविश्वास बढेको महसुश भएको बताएका थिए । उनीहरुले आगामी दिनमा समुदायमा घट्न सक्ने लैङ्गिक तथा जातिय विभेद न्यूनिकरणको लागि आफू लागि पर्ने तथा विभेद मूक्त समाज निर्माणको लागि वकालत तथा पैरवी गर्ने विश्वास व्यक्त गरेका थिए ।

तालिम कार्यक्रमको समापन समारोहमा कैलारी गाँउपालिका उपाध्यक्ष श्री लक्ष्मी सत्गौवा थारुको समेत उपस्थिति रहेको थियो । उहाँले कार्यक्रममा प्रस्तुत भएको विषयवस्तु महिला जनप्रतिनिधिहरुको नेतृत्व विकासको लागि अत्यन्तै व्यवहारिक र महत्वपूर्ण भएको बताउदै आयोजक संस्था प्रति कृतज्ञता प्रकट गर्नु भयो । सहभागि प्रशिक्षार्थि तथा स्थानीय सरकारका प्रतिनिधिहरुका लागि यस किसिमको क्षमता अभिबृद्दी सम्वन्धी तालिमहरु निरन्तरण आयोजना हुन सके महिला प्रतिनिधिको नेतृत्व स्थापीत हुने भन्दै आगामी दिनमा पनि यस किसिमका तालिमहरुको निरन्तरता दिन आयोजक संस्था तथा दातृ निकायलाई अनुरोध गर्नुभएको थियो ।

कार्यक्रममा कैलारी गाँउपालिका र गौरीगंगा नगरपालिका कैलाली पञ्चदेवल नगरपालिका अछामका सबै वडाका निर्वाचित महिला प्रतिनिधि तथा दलित महिला प्रतिनिधि गरि जम्मा १०० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा साझेदार संस्थाको प्रतिनिधिको रुपमा दलित महिला अधिकार मञ्चको वोर्ड सदस्यको समेत उपस्थिति रहेको थियो ।

## लैङ्गिकमैत्री स्थानीय कानून निर्माणमा कार्यपालिका सदस्यको भूमिका विषयक छलफल कार्यक्रम सम्पन्न



*लैङ्गिकमैत्री स्थानीय कानून निर्माणमा कार्यपालिका सदस्यको भूमिका विषयक छलफल कार्यक्रममा सहभागी हुदै निर्वाचित जनप्रतिनिधिहरु: कैलाली*

जागरण नेपालको आयोजनामा एक दिने लैङ्गिकमैत्री स्थानीय कानून निर्माणमा कार्यपालिका सदस्यको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम पञ्चदेवल विनायक नगरपालिका अछाममा सम्पन्न गरियो ।

कार्यक्रममा सहभागिको रुपमा पञ्चदेवल विनायक नगरपालिकाका मेयर श्री देभराज देवकोटा, उप मेयर श्री अम्वीका कूमारी चलौने, प्रमुख प्रशाकिय अधिकृत श्री लक्ष्मि कान्ता वजगाँई, सहित कार्यपालिका सदस्यहरु गरी जम्मा २२ जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजिकरण राजेन्द्र प्याकुरेलले गर्नु भएको थियो ।

सो अवसरमा पञ्चदेवल विनायक नगरपालिकाकाले हाल सम्म पारित गरेका कानूनहरु, कानून तयार गर्दाको समयमा आएका चुनौती तथा हाल सम्म भएका उपलब्धीको विषयमा उपमेयर श्री अम्वीका कूमारी चलौनेले प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतिको क्रममा यस नगरपालिकाले स्थानीय सरकार संचालनमा सहयोगी प्रशासनमूखि साथै

वर्षमा देशलाई मध्यम आय भएका मुलुकहरुको वर्गमा पुर्‍याउने सरकारी अठोट छ ।

काठमाडौँ-तराई द्रुत मार्गको निर्माणको काम सरकारी कोषबाटै थाल्ने, पूर्व-पश्चिम राजमार्गको काकरभिट्टा-बुटवल खण्डलाई चार लेनको द्रुतमार्ग बनाउने,सेती महाकाली राजमार्ग लगायत उत्तरदक्षिण सिमाका व्यापारिक नाका जोड्न सडक निर्माणलाई प्राथमिकतामा राख्दै सरकारले काठमाडौंको चक्रपथ भित्रका सबै सडक एक वर्षमा कालोपत्रे गर्ने घोषणा गरेको छ ।

प्रत्येक प्रदेशमा एक सरकारी मेडिकल कलेज स्थापना,एक गाउँ एक स्मार्ट सिटि, कक्षा १२ सम्म अनिवार्य शिक्षा क्रमश निशुल्क गरिने र दलितलाई निःशुल्क विद्यालय तहको शिक्षा, ज्येष्ठ नागरिक स्वास्थ्य बिमा कार्यक्रम, दश युवा एक युवा उद्यम कार्यक्रम, उज्यालो नेपाल समृद्ध नेपाल अभियान, प्रत्येक प्रदेश एक रंगशाला, प्रत्येक प्रदेशमा एक निजामति सेवा अस्पताल, स्वदेशी लगानीमै काठमाडौ निजगढ फास्ट ट्याक, एक प्रदेश एक अन्तराष्ट्रिय विमानस्थल, एक गाविस एक हेलिप्याड, शैक्षिक प्रमाणपत्र राखेर परियोजना अनुसार ऋण लगाएतका किसानहरुकै सहभागितामा सामाजिक सुरक्षा कोष खडा गरी क्रमशः उनीहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने सरकारी नीति छ । ‘महिलाहरुको हक अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिता सुनिश्चित गराउन, नेपाली महिलाको आर्थिक उन्नति र प्रतिष्ठा तथा सम्मान प्रवर्द्धन गर्ने जस्ता सवाल नीति तथा कार्यक्रमले संबोधन गरेको छ ।

## आर्थिक वर्ष २०७५/७६ को वार्षिक बजेटमा महिलाका सवालहरु

आर्थिक समृद्धिको केन्द्रविन्दु मानेर आठ प्रतिशत आर्थिक बृद्धिको लक्ष्य सहित आगामी आर्थिक वर्षको बजेट सार्वजनिक भएको छ । निर्वाचनपछिको पहिलो सङ्घीय बजेट सङ्घीय संसद्को संयुक्त सदनमा अर्थमन्त्री डा. युवराज खतिवडाले प्रस्तुत गर्नुभएको थियो ।

आर्थिक वर्ष २०७५/७६ का लागि रु १३ खर्व १५ अर्बको वार्षिक आयव्ययको अनुमान (बजेट) पहिलो पटक तीनै तहका निर्वाचित राज्य संरचनालाई सम्बोधन गरेको यो बजेटको आकार अघिल्लो वर्ष भन्द २.८२ प्रतिशत मात्र ठूलो छ । नयाँ आर्थिक वर्षको बजेटले वित्तीय सङ्घीयताको नविन अभ्यास गरेको र त्यससम्बन्धी आधार र तथ्याङ्कहरू नयाँ भएकोले यर्थाथपरक बजेट ल्याएको अर्थमन्त्री डा. खतिवडाले प्रस्ट पारेका छन् ।

बजेट पारित सम्वन्धि कानुन मात्र पास गरेको पाईयो । कार्यक्रममा गाँउपालिका स्वायत्त निकायको रुपमा संवैधानिक व्यवस्था भए अनुसार न्यूनतम आवश्यक कानूनहरु, कानूनको मर्म र हरेक कानून लैङ्गिक तथा समावेशिताको सवाललाई समेटेर निर्माण गर्नु पर्ने आवश्यकता छलफल कार्यक्रमको मुख्य विषय रहेको थियो । संविधानको मूल मर्म अनुसारको अधिकार प्रयोग गर्ने गरि कुनै पनि कानून हाल सम्म नवनेको समेत छलफलका क्रममा उठेको थियो ।



*कार्यक्रममा आफ्ना विचार राख्दै स्थानीय जनप्रतिनिधि, अछाम*

आगामी दिनमा पञ्चदेवल विनायक नगरपालिकाको कानून निर्माण प्रक्रियामा जागरण नेपालले स्वास्थ्य सरसफाई तथा पूर्वाधार निर्माण सम्वन्धिको सवालमा नमुना कानून निर्माणको लागि प्राविधिक सहयोग गर्ने विषयमा समेत छलफल भयो ।

सहभागी स्थानीय सरकारका कार्यपालिका सदस्यहरुले कार्यक्रम महत्वपूर्ण र व्यवहारीक रहेको बताउदै कार्यपालिका सदस्यको हैसीयतले पर्याप्त तालिम तथा छलफलको अभावमा आफ्नो गहन विधायेकि जिम्मेवारी निर्वाह गर्न नसकेको अनुभव राख्नुभएको थियो । नगरपालिकाको आवश्यक संरचनागत कर्मचारी व्यवस्थापन नभएकोले आवश्यक कानूनहरु निर्माण गर्न ढिलाई भएको प्रमुख तथा उपप्रमुखको भनाई थियो । जागरण नेपालले आगामी दिनमा पनि नगरपालिका संग समन्वय गरी प्रशिक्षण तथा गोष्ठी संचालन गर्न समेत आग्रह गर्नुभएको थियो । उक्त छलफल कार्यक्रमका लागि डिसिएले आर्थिक सहयोग प्रात्त भएको थियो ।

## निर्वाचित जनप्रतिनिहरु संग सहभागितामूलक योजना तर्जुमा सम्वन्धि दुई दिने तालिम



*सहभागिता मुलक योजना तर्जमा कार्यक्रमा सहभागिहरु गैरीगंगा न.पा. कैलाली*

जागरण नेपालको आयोजना तथा विकास साझेदार संस्था डिसिएको आर्थिक सहयोगमा कैलाली जिल्लाको कैलारी गाउँपालिका र गौरीगंगा गाउँपालिकामा दुई दिने सभागितामूलक योजना तर्जुमा तालिम सम्पन्न भएको छ । छुट्टाछुटै सम्पन्न उक्त कार्यक्रमको मुख्य उद्देश्य स्थानीय तहको योजना तर्जुमा गर्दा सबैका सवाललाई सहज र सरल रुपमा समेटी आवश्यकताका आधारमा कसरी योजना निर्माण गर्ने र त्यसमा निर्वाचित जनप्रतिनिधिहरुको भूमिका कस्तो रहन्छ भन्ने सवालमा विस्तृत जानकारी गराउने रहेको थियो ।

गाँउपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको सहभागितामा सम्पन्न उक्त दुवै कार्यक्रममाको मुख्य प्रशिक्ष विषय विज्ञ राजेन्द्र प्याकुरेल रहनु भएको थियो भने कैलारी गाउँपालिकामा अतिथि प्रशिक्षकको रुपमा प्रमुख प्रशासकीय अधिकृत श्री धर्मन्नद भट्ट तथा गौरीगंगा गाउपालिकामा उक्त गाउँपालिकाका मेयर भिम हादुर देउवाले सहजिकरण गर्नु भएको थियो ।

राजस्व र व्ययको अनुमान प्रस्तुत गर्दै अर्थमन्त्री खतिवडाले नागरिकको रोजगारी, स्वास्थ्य, सीप र सामाजिक सुरक्षा एक आपसमा अन्तर्सवन्धित बनाएर तय गरिएको यस बजेटले निर्धारित उद्देश्य र तिनबाट हुने प्राप्तिबाट सामाजिक न्याय सहित समृद्ध नेपाल निर्माणको लागि सहयोगी हुने समेत स्पष्ट पार्नु भएको थियो । विनियोजित बजेट मध्ये विनियोजित बजेट मध्ये संघलाई १० खर्व ६ अर्व ६७ करोड रुपैया व्यवस्था गरिएको छ। त्यस्तै प्रदेशलाई १ खर्व, १३ अर्व ४३ करोड ,र स्थानीय तहलाई १ खर्व ९५ अर्व पाँच कोढ रुपैया बजेट विनियोजन गरिएको छ। विनियोजत बजेट मध्ये चालु खर्च आठ खर्व ४५ अर्ब ४४४ करोड र पुँजीगत तर्फ ३ खर्व १३ अर्ब ९९ करोड रुपैया खर्च हुने अनुमान गरिएको छ । चालुतर्फ सबैभन्दा धेरै अनुदानमा ४खर्व ९९ अर्ब ४० करोड, पारिश्रमिक तर्फएक खर्ब १७ अर्ब ३३ करोड र सामाजिक सुरक्ष तर्फ १ खर्ब १३ अर्ब ६ करोड विनियोजन गरिएको छ। त्यस्तै वित्तिय व्यवस्था तर्फ १ खर्ब ५५ अर्ब ७१ करोड रुपैया खर्चहुने अनुमान गरिएको छ ।

## बजेटमा महिला तथा सिमान्तिकृत समुदायको अवस्था

आर्थिक वर्ष २०६२/६३ बाट मात्र नेपालमा लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था गरी औपचारिक रुपमै थालनी गरिएको हो । उक्त बजेटलाई संस्थागत गर्न अर्थ मन्त्रालयमा एक लैङ्गिक उत्तरदायी बजेट समितिको गठन भई कार्य संचालन भई रहेको छ, जसले गर्दा राष्ट्रिय बजेटमा महिलामुखी कार्यक्रमहरुले अझ बढी प्राथमिकता पाई महिलाको समग्र विकासमा योगदान पुगेको छ । आर्थिक वर्ष २०७०/७१ को बजेटमा महिलाका लागि छुट्याइएको रकम जम्मा १९ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७१/०७२ मा २१ प्रतिशत रकम महिलाहरुका लागि छुट्याइएको थियो भने २०७२ /०७३ मा २२.२७ प्रतिशत बजेट विनियोजन गरियो । आर्थिक वार्ष २०७३/०७४ मा २३.१० प्रतिशत विनियोजन गरिएको लैङ्गिक बजेट आर्थिक वर्ष २०७५/०७६मा मध्ये रु. ५०८३७०० महिलाहरुको लागि प्रत्यक्ष लाभहुने गरी लैगिक बजेटको व्यवस्था भएको छ । जुन सम्पूर्ण बजेटो ३८.६५ प्रतिशत हो ।

यसरी हेर्दा वार्षिक बजेटमा महिलाहरुका लागि छुट्याइएको बजेटमा प्रत्येक वर्ष १□२ प्रतिशत भएपनि वृद्धि भएको पाइन्छ तर पनि यतिठूलो ५१.५ प्रतिशत महिलाको जनसंख्या भएको अवस्थामा विनियोजन गरिएको बजेट प्रसस्त भने पक्कै होइन । यसको अनुपात अझ बृद्धिगर्नु आवश्यक छ ।



*सहभागिता मुलक योजना तर्जुमा कार्यक्रमका सहभागीहरु कैलारी गा.पा. कैलाली*

कार्यक्रममा गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष सहित ९ वटै वडाका वडा अध्यक्ष तथा सदस्यहरु सहितका जनप्रतिनिधिहरु तथा गाँउपालिकाको शाखागत कर्मचारीहरु र साझेदार स्थानीय संस्थाको प्रतिनिधिहरु समेतको सहभागिता रहेको थियो । सो अवसरमा राज्यको नयाँ संरचनामा स्थानीय सरकारले गत आर्थिक वर्षको बजेट निर्माण तथा योजना तर्जुमाको सवालमा समीक्षा गर्दै यस आर्थिक वर्षको लागि गत वर्षको तथ्याङ्कको आधारमा आन्तरिक श्रोतको विश्लेषण सहित योजना तर्जुमा विधिलाई समुहकार्य, प्रस्तुतिकरण, अन्तरक्रिया तथा समीक्षा सहित सहजिकरण गरिएको थियो ।

तालिमका सहभागीहरुले सहजिकरणका क्रममा व्यवहारीक ज्ञान तथा विधि प्रयोग गरिएको र योजना तर्जुमा सम्वन्धी विषय समय सान्दर्भिक रहेको स्थानीय सरकारका प्रमुख तथा उप प्रमुखहरुले बताउनु भएको थियो । निकट भविष्यमा गरिने योजना तर्जुमा तथा बजेट निर्माणको प्रक्रियामा यस तालिममा पाएका ज्ञान तथा सीपको प्रयोग गरी सामुहिक योजना तर्जुमा गर्ने प्रतिवद्धता व्यक्त गर्दै तालिमले महत्वपूर्ण विषयलाई समेटेकोमा खुशी समेत व्यक्तगर्नुभएको भयो । उक्त तालिम कार्यक्रममा कैलारी गाउँपालिकाका ५५ जना र गौरीगंगा गाउँपालिकामा ६० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## लैङ्गिकमैत्री स्थानीय कानून निर्माणमा कार्यपालिका सदस्यको भूमिका विषयक छलफल कार्यक्रम सम्पन्न



*लैङ्गिकमैत्री स्थानीय कानून निर्माण सम्वन्धि छलफल कार्यपालिका निर्वाचित जनप्रतिनिधिहरु छलफलमा सहभागि हुदैः कैलारी गा.पा. कैलाली*

जागरण नेपालको आयोजनामा एक दिने लैङ्गिकमैत्री स्थानीय कानून निर्माणमा कार्यपालिका सदस्यको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम मिति २०७५ जेष्ठ ६ गते आईतवार पञ्चदेवल विनायक नगरपालिका अछाममा सम्पन्न गरियो ।

कार्यक्रममा सहभागिको रुपमा पञ्चदेवल विनायक नगरपालिकाका मेयर श्री देभराज देवकोटा, उप मेयर श्री अम्वीका कूमारी चलौने, प्रमुख प्रशाकिय अधिकृत श्री लक्ष्मि कान्ता वजगाँई, सहित कार्यपालिका सदस्यहरु गरी जम्मा २२ जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजिकरण राजेन्द्र प्याकुरेलले गर्नु भएको थियो ।

सो अवसरमा पञ्चदेवल विनायक नगरपालिकाकाले हाल सम्म पारित गरेका कानूनहरु, कानून तयार गर्दाको समयमा आएका चुनौती तथा हाल सम्म भएका उपलव्धीको

## महिला तथा सिमान्तिकृतका क्षेत्रमा बजेटले गरेका प्रत्यक्ष व्यवस्थाहरु

- राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई विस्तार गरी विपन्न र पिछडिएका सबै महिलालाई सीप तथा उद्यमशिलता विकास मार्फत काम र रोजगारीका अवसर प्रदान गरी आत्मानिर्भर बनाउने
- बाल विबाह, दाइजो प्रथा, तिलक, देउकी, वोक्सी, छाउपडि लगाएतका सबै प्रकारका कुरीति, अन्धविश्वास र महिला हिंसाको विरुद्धमा सचेतना अभिवृद्धि गरिने
- ग्रामीण तथा दुर्गम षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको अपत्कालिन उद्धार गर्न एयर एम्बुलेन्सको व्यवस्था मिलाइने
- प्रत्येक प्रदेशमा एक ज्येष्ठ नागरिक आरोग्य आश्रम सञ्चालन गरिने
- दलित समुदायलाई सामाजिक सहकारी तथा सामुदायिक उत्पादन प्रणाली मार्फत आधुनिक व्यवस्थ ागर्न सामुहिक जमानीमा प्रति समुह रु १० लाख सम्मको ऋण ५ प्रतित व्यवाजमा अनुदान उपलब्ध गराउने
- आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भावस्था देखि नै प्रसुती सुरक्षा सेवा उपलब्ध गराइने ।
- गर्भवती जाँच सेवा लिने र स्वस्थ्य संस्थामा सुत्केरी हुनेको लागि प्रदान गरिने यातायात खर्च रकम दोब्बर गरिने
- बहुक्षेत्रीय पोषण कार्यक्रमको निरन्तरत दिने ।
- सबै स्थानीय तहमा एक स्वास्थ्य चौकी स्थापना गरी एक चिकित्सकको व्यवस्था गर्ने
- अस्पतालमा ज्येष्ठ नागरिक वार्ड स्थापना गरिने
- आर्थिक रुपमा विपन्न, सिमान्तीकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरु समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरुलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि पँच प्रतिशत व्याज अनुदानमा शैक्षिक ऋृण उपलब्ध गराउने व्यवस्था गरिने
- महिला सशक्तिकरणका कार्य अगाडि बढाउन राष्ट्रपति महिला उत्थान कार्यक्रम अगाडि बढाउने
- महिलाहरुको व्यवसायीक क्षमता विकासका लागि सीप विकास र अभिमुखीकरण सम्वन्धी तालिम प्रदान गरिने ।
- उद्यमशिलता र सीप विकास तथा तालिमको माध्यमबाट महिला उद्यमशिलता विकास गरी उनीहरुबाट सञ्चालन हुने परियोजनामा आधारित रु. १५ लाख सम्मको सामुहित ऋृणमा ६ प्रतिशत अनुदन व्यवस्था
- घरेलु हिंसा, लैगिक हिंसामा परेमा परेका बेवारिसे महिलाहरुलाई उद्धार गरी सुरक्षित रुपमा राख्न

विषयमा उपमेयर श्री अम्वीका कूमारी चलौनेले प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतिको क्रममा यस नगरपालिकाले स्थानीय सरकार संचालनमा सहयोगी प्रशासनमूखि साथै बजेट पारित सम्वन्धि कानुन मात्र पास गरेको पाईयो । कार्यक्रममा गाँउपालिका स्वायत्त निकायको रुपमा संवैधानिक व्यवस्था भए अनुसार न्यूनतम आवश्यक कानूनहरु, कानूनको मर्म र हरेक कानून लैङ्गिक तथा समावेशिताको सवाललाई समेटेर निर्माण गर्नु पर्ने आवश्यकता छलफल कार्यक्रमको मुख्य विषय रहेको थियो । संविधानको मूल मर्म अनुसारको अधिकार प्रयोग गर्ने गरि कुनै पनि कानून हाल सम्म नवनेको समेत छलफलका क्रममा उठेको थियो ।



*लैङ्गिकमैत्री स्थानीय कानून निर्माण सम्वन्धि छलफल  कार्यक्रमको सहजिकरण गर्दै विज्ञ राजेन्द्र प्याकुरेलः पञ्चदेवल विनाय न.पा. अछाम*

आगामी दिनमा पञ्चदेवल विनायक नगरपालिकाको कानून निर्माण प्रक्रियामा जागरण नेपालले स्वास्थ्य सरसफाई तथा पूर्वाधार निर्माण सम्वन्धिको सवालमा नमुना कानून निर्माणको लागि प्राविधिक सहयोग गर्ने विषयमा समेत छलफल भयो ।

सहभागी स्थानीय सरकारका कार्यपालिका सदस्यहरुले कार्यक्रम महत्वपूर्ण र व्यवहारीक रहेको बताउदै कार्यपालिका सदस्यको हैसीयतले पर्याप्त तालिम तथा छलफलको अभावमा आफ्नो गहन विधायेकि जिम्मेवारी निर्वाह गर्न नसकेको अनुभव राख्नुभएको थियो । नगरपालिकाको आवश्यक संरचनागत कर्मचारी व्यवस्थापन नभएकोले आवश्यक कानूनहरु निर्माण गर्न ढिलाई भएको प्रमुख तथा उपप्रमुखको भनाई थियो । जागरण नेपालले आगामी दिनमा पनि नगरपालिका संग समन्वय गरी प्रशिक्षण तथा गोष्ठी संचालन गर्न समेत आग्रह गर्नुभएको थियो । उक्त छलफल कार्यक्रमका लागि डिसिएले आर्थिक सहयोग प्राप्त भएको थियो ।

## सभागितामूलक योजना तर्जुमा तालिम सम्पन्न (अछाम)

जागरण नेपालको आयोजना तथा विकास साझेदार संस्था डिसिएको आर्थिक सहयोगमा मिति २०७५ जेष्ठ ७ र ८ गते अछाम जिल्लाका निर्वाचित जनप्रतिनिधिहरुसँग दुई दिने सभागितामूलक योजना तर्जुमा तालिम सम्पन्न गरियो । कार्यक्रमको मुख्य प्रशिक्षक राजेन्द्र प्याकुरेलले गर्नुभएको थियो भने अतिथि प्रशिक्षकको रुपमा नगर उपप्रमुख तथा उपमेयर अम्वीकाकूमारी चलौनेले सहजिकरण गर्नुभएको थियो ।

कार्यक्रममा सहभागिको रुपमा पञ्चदेवल विनायक नगरपालिकाका मेयर श्री देभराज देवकोटा, उपमेयर श्री अम्वीका कूमारी चलौने सहित ९ वटा नै वडाका निर्वाचित जनप्रतिनिधिहरु वडा अध्यक्षहरु, दलित महिला सदस्य, महिला सदस्य साथै अन्य सदस्यहरु र शाखा प्रमुखहरु समेत गरि जम्मा ५० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा राज्यको नयाँ संघिय संरचना अनुसार स्थानीय सरकारले गत आर्थिक वर्षको वजेट निर्माण तथा योजना तर्जुमाको सवालमा समीक्षा गर्दै यस आर्थिक वर्षको लागि गत वर्षको तथ्याङ्को आधारमा आन्तरीक श्रोतको विश्लेषण र नयाँ श्रोतहरुको पहिचान सहित योजना तर्जुमा विधिलाई यथार्थपरक ढंङ्गमा समुहकार्य, प्रस्तुतिकरण अन्तर्क्रिया तथा समिक्षा सहित सहजिकरण गरिएको थियो ।

अल्पकालिन पुनर्स्थापनाको व्यवस्था गरिने ।

- एक गाउँ एक डाक्टरको व्यवस्था गरिने ।

## निष्कर्ष

प्रत्येक बजेटले केही सुधारका कुराहरु घोषणा गर्दै आएको छ तापनि सुधारको वास्तविक अवस्था भने देखिएको छैन । यस आर्थिक वर्षको बजेटले नागरिकका मौलिकहको रुपमा रहेको जीवनयापनका न्युनतम आधारभूत आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै चरम गरिबी, विपन्नता र पछौटे पनको अन्त्य गर्दै, साधन श्रोत, अवसर र क्षमता विकासको उच्चतम उपयोग गरी द्रुत आर्थिक तथा मानबीय विकास गर्ने र आर्थिक भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सम्मुनत, सुदृढ र समाजबाद उन्मुख अर्थतन्त्रको निर्माण गरी आर्थिक गतिशीलता वृद्धिमार्फत गरिबी र बेरोजगारी न्यूनीकरण, सामाजिक सुरक्षा र गुणस्तरीय सेवा प्रवाह गर्दै सुखी नेपाली समृद्ध नेपालका उद्देश्य राखेको छ । बजेटका उद्देश्य पूरा गर्न यसैअनुरुप प्राथमिकता क्षेत्र पहिचान भएका छन् ।

सबै नागरिकलाई काम र रोजगारीको अवसर सिर्जना गर्ने क्षेत्रहरुको प्रवर्द्धन, स्वास्थ्य तथा शिक्षा लगाएतका सामाजिक क्षेत्रको विकास मार्फत द्रुत मानव विकास, दिगो, फराकिलो, समन्यायिक र उच्च आर्थिक बृद्धिदर हाँसिल गर्न कृषि, जलश्रोत, पर्यटन लगाएतका क्षेत्रमा पुँजी प्रविधि र अन्वेषणको विकास, धाधारभूत र आनुनिक भौतिक संरचना हरुको विकास गरी आनुनिक नेपाल निर्माणलाई गतिदिन सहज रेलमार्ग, सिंचाई, विद्युत, सहकारी पूर्वाधार लगाएतको निर्माण सहि भूकम्प र बाढीबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण र सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि तथा नागरिकलाई अनुभूति हुने प्रकारको सुशासन सहितको परिकल्पना गरी प्राथमिकताका क्षेत्र निर्धारण गरेको छ ।

प्रत्येक वर्ष सरकारले महिलाहरुका लागि लैगिक मैत्री बजेटको व्यवस्था गर्ने गरेको छ तर त्यो त्यती प्रभावकारी बन्न सकेको छैन । यसमा महिला क्षेत्रमा छुट्टयाइने बजेट गरिएको माग अनुसार नभइ एकमुस्ट रुपमा राख्ने गरिन्छ भने दोस्रो यसको कार्यान्वयन पक्ष ज्यादै चुनौतीपूर्ण रहेको छ । महिलाको लागि छुट्याइएको बजेटको सही सदुपयोग नहुँदा महिला तथा सिमान्तिकृत समुदायले पूर्ण राहतको महसुश गर्न सकेका छैनन् । विडम्वनाको कुरा त के छ भने महिलाहरुका लागि छुट्टयाएको बजेटले बाटोघाटो, धारा, बत्ति लगाएतका पूर्वाधार निर्माणका बहानामा संकुचित र परम्परावादी सोचका कारण बजेटको उचित सदुपयोग हुन सकेको छैन । विभिन्न शीर्षकहरुमा वितरण गरिएको कोषको सही सदुपयोग मार्फत देशलाई सरकारले आगामी पाँच वर्ष भित्र दोहोरो अङ्कले आय बृद्धि गर्दै मध्यम आय



*सहभागिता मुलन योजना तर्जुमा कार्यक्रमका सहभागितीहरु : अछाम*

तालिमको सहजिकरणमा व्यवहारीक ज्ञान तथा विधि प्रयोग गरिएको साथै योजना तर्जुमा सम्वन्धी विषय समय सान्दर्भिक रहेको सरकारका प्रमुख उपप्रमुख तथा प्रतिनिधिहरुले वताउनु भयो । निकट समयमा गरिने योजना तर्जुमा भेला तथा बजेट निर्माणको प्रक्रियामा यो सीपलाई प्रयोग गर्न सकिने प्रतिवद्धता साथै उत्सुकता समेत व्याक्त गर्नुभयो । साथै गत वर्षको कमि कमजोरीलाई सच्याउदैं यस तालिमको माध्ययमवाट सिक्ने अवसर मिलेकोले तत्काल प्रयोग गर्ने प्रतिदृता समेत जनप्रतिनिधिहरुको रहेको थियो ।

आगामी दिनमा पनि अन्य दातृ निकायहरुसँग समन्वय तथा सहकार्य गरि जागरण नेपालले यस्ता किसिमका प्रशिक्षण तथा गोष्ठी संचालन गरि स्थानीय सरकारको सेवा प्रवाह प्रदान गर्नका लागि आवश्यक सवालहरुमा क्षमता विकासका लागि सहकार्य गर्न समेत आग्रह गर्नुभयो ।

## कैलारी गाँउपालिकामा नमूना कानूनको प्रारम्भिक खाका हस्तान्तरण कार्यक्रम

जागरण नेपालको आयोजना तथा विकास साझेदार संस्था डिसिएको आर्थिक सहयोगमा कैलारी गाँउपालिकामा स्वास्थ्य तथा सरसफाई र पूर्वाधार व्यवस्थापन विषयक प्रारम्भिक खाका ऐन हस्तान्तरण साथै उक्त ऐनमा कार्यपालिका सदस्य तथा सम्वधित शाखा प्रमुखहरुसँग अन्तरक्रिया कार्यक्रम जेठ २९ गते कैलाली जिल्लाको कैलारी गाँउपालिकामा सम्पन्न गरियो ।




*नमुना कानुन हस्तान्तरण कार्यक्रमका सहभागीहरु : पञ्चदेवल विनायक न.पा, अछाम*

जागरण नेपालका तर्फबाट नेतृत्व विकास परियोजना संयोजक पूर्णकला राई द्वारा कैलारी गाँउपालिका अध्यक्ष श्री लाजुराज चौधरीलाई ऐनको प्रारम्भिक खाका हस्तान्तरण गरिएको हो । उक्त कार्यक्रममा उपाअध्यक्ष श्री लक्ष्मि सत्गौवा थारु, प्रमुख प्रशाकिय अधिकृत श्री धर्मनन्द भट्ट, स्वास्थ्य शाखाको प्रमुख तथा अन्य कर्मचारीहरु सहित वडा अध्यक्ष, कार्यपालिका सदस्यहरु समेत गरि जम्मा २६ जनाको सहभागिता रहेको थियो ।

भएको मुलुकको रुपमा विकास गर्ने दृढता व्यक्त गरेको छ ।

सम्पूर्ण जनसंख्याको ५१.५ प्रतिशत संख्या रहेका महिला तथा सिमान्तिकृत समुदायको आर्थिक तथा सामाजिक विकास हुने गरी बजेट बाँडफाँट गर्न सकेको खासै पाइदैन । विगतमा पनि एसियाली मापदण्डमा मुलुकलाई एक्काइसौं शताब्दी शुरुवात हुन अगावै पुऱ्याइने लक्ष्य राखिएको भए पनि मुलुकका महिला तथा सिमान्तिकृत समुदायको हकहितलाई ख्याल नगरी योजना निर्माण गर्नाले यस्ता महत्वकांक्षी योजना तुहिएका उदाहरणहरु प्रसस्तै छन् । बजेट मार्फत सम्वोधन गरिएका गतिविधिहरुलाई आकर्षक नाराको रुपमा मात्र नराखी कार्यान्वयनको लागि दृढ हुनु आवश्यकरहेको देखिन्छ। जसले लैङ्गिक समानता र सामाजिक न्याय सहितको आर्थिक सशक्तिकरणले मात्र नेपाली जनताको सम्बृद्ध जीवनको परिकल्पना गर्दै बिकासशील राष्ट्रको सूचिमा समावेश गर्न सहयोग पुग्नेछ ।

बजेटले महिला माथिहुने हिंसाको अन्त्य, राजनितिक सशक्तिकरण, लैङ्गिक बजेट र महिला सशक्तिकरणका बिषयलाई प्राथमिकतामा राख्नु सकारात्मक रहेको छ । विगत वर्षहरुको तुलनामा लैगिक उत्तरदायी बजेट यस वर्ष बढेको देखिन्छ जसले महिलाहरुको प्रत्यक्ष जीवनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । घोषणा गरेका नीति कार्यक्रमहरु कागजी रुपमा राम्रा देखिए पनि कार्यन्वयन पक्ष फितलो रहने गरेको छ । यस सन्दर्भमा, बिगतका कमी कमजोरी सच्याउदै सरकारी नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयनका माध्यमले जनसंख्याको आधा हिस्सा ओगट्ने नेपाली महिलाका मुद्धाहरुको सम्बोधन गर्नु आजको आवश्यकता हो । जसले आर्थिक सम्बृद्धिको आधारशिला तयार गरी राज्यका हरेक निकायमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दछ । दिगो विकास लक्ष्यले तय गरेका सहस्राब्दी लक्ष्य बाट सन् २०३० सम्ममा नेपाललाई विकासशिल राष्ट्रको रुपमा पुर्‍याउनको लागि लक्ष्यमा आधारित महिलाका सावालहरुलाई प्राथमिकतामा राख्दै वार्षिक परियोजनाहरु तयार गरी सोही अनुरुप कार्यान्वयन गर्दै गएमात्र विकासका लक्ष प्राप्त हुने र मध्यम स्तरको आय भएको मुलुकका रुपमा रुपान्तरित गर्न मद्दत गर्दछ ।

बजेटले सार्वजानिक आय र व्ययलाई मात्र प्रभावित गर्दैन, बरू यसले निजी लगानी र वैदेशिक सहायतामा समेत प्रभाव पार्छ । समग्र अर्थतन्त्रका परिसूचकलाई प्रभावित पार्न सक्ने बजेट जस्तो आर्थिक विकासको औजारलाई सशक्त कार्यान्वयन गर्न नसक्दा हामीले लिएको सन २०३० सम्म मध्यम स्तरीय आय भएको मुलुक बनाउने लक्ष्यमा पुग्न कठिन हुने देखिदैछ ।



*नमुन कानुन निर्माण तथा हस्तान्तरण कार्यक्रमका अवसरमा छलफलमा सहभागी हुदै स्थानीय जनप्रतिनिधिहरुः कैलारी गा.पा, कैलाली*

कार्यक्रममा अध्यक्ष श्री लाजुराज चौधरीले संस्थाको तर्फवाट यस नगरपालिकालाई आवश्यक कानूनको प्रारम्भिक खाका तयार गरि प्रदान गरेकोमा संस्था प्रति आभार व्यक्त गर्नु भयो । संविधानमा उल्लेखित स्वशासीत अधिकारको उपयोग गर्न स्थानीय सरकारको कानून बनाउने तथा कार्यान्वयन गर्ने अधिकारको सुनिश्चितततामा संस्थाले प्राविधिक सहयोग प्रदान गरेकोमा खुशी समेत व्यक्त गर्नु भयो । आगामी दिनमा विषय विज्ञहरु तथा सम्वन्धीत समितिहरुसँग समेत यस नमूना कानूनको खाकामा विस्तृत छलफल गरि यस कानूनलाई पूर्णता दिने वताउनु भयो ।
अन्तरक्रिया कार्यक्रममा नमूना ऐनको विषय वस्तु तथा खाकामा विस्तृत साथै बुधागत छलफल गरिएको थियो । जागरण नेपालले स्वास्थ्य तथा सरसफाई र पूर्वाधार व्यवस्थापन विषयक प्रारम्भिक ऐनको प्रारम्भिक खाका तयार गरि हस्तान्तरण गरेको हो । उक्त नमुना कानुन सामुदायिक अनुसन्धान केन्द्र काठमाडौसँगको सहकार्य तयार गरिएको हो ।

## पितृसत्ता बारे युवा महिलाहरु बीच छलफल कार्यक्रम



*युवा महिलाहरु बीच छलफल कार्यक्रममा प्रशिक्षक तुलसा दाहल पितृसत्ताका बारेमा सहजिकरण गर्दै*

जागरण नेपालको आयोजनामा युवा महिलाहरुका लागि पितृसत्ता र यसले पारेको असर सम्वन्धि छलफल कार्यक्रम मध्यपुर ठिमी भक्तपुरमा सम्पन्न गरेको छ ।

कार्यक्रममा विषय विज्ञ तुलसा दाहालले पितृसत्ता के हो, यसले समग्र अधिकारको क्षेत्रमा कस्तो असर पुर्याएको छ भन्ने बारेमा विस्तृत छलफल चलाउनु भएको थियो भने जागरण नेपालका व्यवस्थापक मिना विष्टले विभिन्न उदाहरण सहित यस विषयमा स्पष्ट पार्नु भएको थियो ।

युवा महिला नेताहरुलाई पितृसत्ताका कारण महिलामा परेको प्रभाव र नेपालमा महिलाहरुको स्थितिबारे जानकारी गराउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना

यस्तो अवस्थालाई बेलैमा सम्बोधन गर्न र प्रभावकारी बनाउनु सरकारले सुधारका विभिन्न योजना र कार्यक्रम लागू गरेको भए पनि ती पर्याप्त नदेखिएको सन्दर्भमा सरकार, राजनीतिक दल, कर्मचारीतन्त्र, निर्माण व्यवसायी, विकास साझेदार संस्था, उपभोक्ता र आम नागरिकले बजेटको सफल कार्यान्वयनको लागि आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने हुन्छ ।

गरिएको हो । उक्त कार्यक्रमका सहजकर्ता तुलसा दाहालले पितृसत्ताका पहिचान गर्ने आधारहरु, नियन्त्रण र पितृसत्ता हावी हुने स्थानहरु बारे आफ्नो अनुभव, सिकाईहरुका बारेमा युवा महिलाहरुबीच महत्वपूर्ण छलफल गर्नु भएको थियो ।

उक्त छलफलको क्रममा प्रशिक्षक दाहालले हामीले हाम्रो दैनिक जीवनमा पितृसत्तालाई अंगालि रहेका छौ पहिचान मात्र गर्न नसकेको र यद्यपी धेरै परिवर्तन भने भएको कुरा उल्लेख गर्नु भएको थियो । सबै पुरुष हामी महिलाहरुको शत्रु हुँदैनन, महिलाहरु पनि पितृसत्ताका कारण हुन र यो वर्षौं वर्ष देखि चलि आएको हुनाले यसको परिवर्तनको लागि समय लाग्ने विचार राख्दै हामीले आजै देखि आफैबाट पितृसत्तात्मक सोचलाई परिवर्तन गर्नुपर्छ भन्ने कुरा युवा महिलाहरु बीच प्रष्ट पार्नुभएको थियो ।



*कार्यक्रमका सहभागी युवा महिलाहरु : ठिमी, भक्तपुर*

सो अवसरमा सहभागी युवा महिलाहरुले कार्यक्रम अत्यन्त राम्रो, समसामयीक र दिन प्रतिदिन प्रभाव परिरहेको,अनुभव भइरहेको तर कसैले पनि यसका विरुद्ध व्यापक रुपमा आवाज उठाउन नसकिरहेको र आवाज उठाइए पनि त्यसको कानुनी उपचारको प्रभावकारी कार्यान्वयन भनइ रहेको भन्दै यस किसिमका सचेतनाका कार्यक्रम संचालन गर्नुभएकोमा जागरण नेपाललाई धन्यवाद दिएका थिए ।

### थप जानकारीका लागि

*www.jagarannepal.org*

मा अवलोकन गरी सल्लाह सुझावका लागि

*info@jagarannepal.org*

मा सम्पर्क गर्नुहोल

### सम्पादक मण्डल

सल्लाहकार : शर्मिला कार्की

संयोजन : मिना विष्ट

संपादन : दिपक बस्याल

लेखन : अहिल्या अधिकारी

डिजाइन : द क्रिएसन


# जागरण नेपाल

सिद्धार्थ मार्ग, अनामनग

फोन : ०१-४२१९४३९, फ्याक्स : ०१-४२४७२९७, पो.व.नं. : १९४८७

ईमेल : info@jagarannepal.org, वेवसाइट : www.jagarannepal.org